# आ.व.०८०/८१ को

# वार्षिक समिक्षा कार्यक्रमको

# प्रतिवेदन




दक्षिणकाली नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

फर्पिङ, दक्षिणकाली

बागमति प्रदेश, काठमाडौं

आज मिति २०८१ साल असोज १५ गते मंगलबारको दिन विहानको १०:३० बजे यस दक्षिणकाली नगरपालिकाको सभाहलमा नगर प्रमुख मोहन बस्नेत को अध्यक्षतामा आ.व. २०८०/८१ को बार्षिक समिक्षा कार्यक्रम निम्न उपस्थितिमा सम्पन्न गरियो ।

उपस्थितीः

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री मोहन बस्नेत | नगर प्रमुख | |
| २ | श्री बसन्ती तामाङ डंगोल | नगर उप-प्रमुख | |
| ३ | श्री रोशन ज्ञवाली | प्रमुख प्रशासकीय अधिकृत | |
| ४ | शैलजा प्रसाद प्याकुरेल | वडा अध्यक्ष - ६ | |
| ५ | जनार्दन रिजाल | शिक्षा निर्देशक | |
| ६ | विद्या लक्ष्मी श्रेष्ठ | वडा स.का.स. | |
| ७ | ईश्वरी रसाइली | वडा स.का.स. | |
| ८ | सुमित्रा विष्ट केशरी | वडा नं ३ का.स. | |
| ९ | भानु विश्वकर्मा | का न २ का स | |
| १० | सुरेश बस्नेत | का.पा.स. | |
| ११ | लक्ष्मण दाहाल | | |
| १२ | परशु राम श्रेष्ठ | स्वा. शा. प्रमुख | |
| १३ | धनञ्जय शर्मा | स.कृ.अ.वि | |
| १४ | सुदिप आचार्य | सहायक पाँचौ | |
| १५ | सुजन दवाडी | रो. स. | |
| १६ | [illegible] श्रेष्ठ | [illegible] | |
| १७ | धनञ्जय पोखरेल | प्रि.ओ.ई.वे. | |
| १८ | धनेश्वर पोखरेल | शाखा प्रमुख कार्य | |
| १९ | श्री कमान बहादुर | वडा अध्यक्ष वडा ५ | |
| २० | श्री गणेश गुरुङ | सि.अ.अ. | |
| २१ | पुन्डा आले | क. सहायक | |
| २२ | विष्णु खातिवडा | सिनियर हे.व. अधिकृत | |

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| २३ | मेहर, आलम | वडा सचिव - ६ | [signature] |
| २४ | प्रदिप पौडेल | वडा सचिव - ९ | [signature] |
| २५ | खेमराज ढुंगाना | अधिकृत - छैठौं | [signature] |
| २६ | रवीन्द्र प्रसाद आचार्य | वडा सचिव ७ नं. | [signature] |
| २७ | प्रकाश शर्मा | ना.प.प्रमा.प्रा | [signature] |
| २८ | डा. चन्द्रकान्त ढकाल | पशु चिकित्सक | [signature] |
| २९ | दिपक फुयाल | का.स.दे.नं.पा. | [signature] |
| ३० | मंगललक्ष्मी श्रेष्ठ | ,, ,, ,, | मंगला |
| ३१ | अनिता श्रेष्ठ | ,, ,, ,, | अनिता |
| ३२ | जयराम फुयाल | " " " | [signature] |
| ३३ | मनिराज कार्की | दमकल प्रणाली कार्यक्रम | [signature] |
| ३४ | शिवराज अधिकारी | अधिकृत | [signature] |
| ३५ | महेश कुमार उपाध्याय | ,, | [signature] |
| ३६ | गीता चापागाई | स्था.प. | [signature] |
| ३७ | रञ्जु [illegible] | फिल्ड सहायक | Rajju |
| ३८ | कृष्ण लक्ष्मी [illegible] | सहायक चौथो | Krishna |
| ३९ | यमुना बस्नेत | ना.प्रा.स | [signature] |
| ४० | इन्दु कोइराला | कविराज चिकित्सक | [signature] |
| ४१ | मिरा तामाङ | सा.प. | [signature] |
| ४२ | आशिष पुडासैनी | नगर प्रहरी प्रमुख | [signature] |
| ४३ | राजु महर्जन | दक्षिणकाली नगर खेलकुद समिति सदस्य | Raju |
| ४४ | सलिना श्रेष्ठ | खेलाडी (भलिबल) | [signature] |
| ४५ | अमृता बस्नेत | वडा अध्यक्ष | [signature] |
| ४६ | दिलिप के.सी | सू.प्र.अ | [signature] |
| ४७ | | | |
| ४८ | | | |
| ४९ | | | |

दक्षिणकाली नगरपालिका

आ.व.०७९/८० को वार्षिक समिक्षा कार्यक्रमको

# अन्तिम प्रतिवेदन

१. **कार्यक्रम सञ्चालनको उद्देश्य:**

- आ.व.०८०/८१ मा दक्षिणकाली नगरपालिकामा सम्पादन भएका कार्यहरुको वडागत तथा शाखागत रुपमा छलफल गर्ने,
- वार्षिक प्रगति प्रतिवेदनहरु उपर नगर सभा सदस्य, कर्मचारी तथा आम वुद्धिजिवीहरु बीच छलफल र अन्तरक्रिया गर्ने,
- कार्य सम्पादनका क्रममा भएका राम्रा विषयहरु उजागर गर्ने र परेका अप्ठेरा तथा समस्याहरु उपर छलफल गरी समस्या समाधानका लागि छलफल गर्ने,
- आगामी दिनमा सम्पादन गरिने कार्यहरुलाई अझ प्रभावकारी बनाउनका लागि सल्लाह, सुझाव प्राप्त गर्ने,
- नगरपालिकाको क्षमता मूल्यांकन गर्ने ।

२. **कार्यक्रम सञ्चालनको विधि :**

- अन्तरक्रिया

३. **सहभागिता :**

कार्यक्रममा यस नगरपालिकाका नगर प्रमुख, उप प्रमुख, प्रमुख प्रशासकीय अधिकृत, कार्यपालिका सदस्य, नगरपालिका स्थित विभिन्न शाखा, केन्द्र, उपशाखा, इकाईका प्रमुख, ९ वडाका वडा सचिव, अन्य कर्मचारीहरु, गरी ४६ जनाको उपस्थति रहेको ।

४. **कार्यक्रम सञ्चालन मिति :** २०८१ साल असोज १५ र १६ गते,

५. **कार्यक्रम स्थल :** दक्षिणकाली नगरपालिकाको सभा हल

६. **उपलव्धी:**

- नगरपालिकाको संस्थागत क्षमता मूल्यांकन गर्न सहयोग पुगेको,
- नगरपालिकाको समग्र काम कारवाहीको बारेमा जनप्रतिनिधि, कर्मचारी बीच छलफल तथा अन्तरक्रिया भएको,
- सेवा प्रवाहलाई अझ प्रभावकारी बनाउनका लागि मार्ग निर्देशन प्राप्त भएको,

- नगरपालिकाले अवलम्वन गर्नुपर्ने नीतिगत तथा कानूनी विषयवस्तु बारे नगर सभालाई सुझाव प्राप्त भएको,
- समिक्षाका लागि शाखा, वडा, उपशाखा, इकाई, केन्द्रहरुको आ.व.०८०/८१ को वार्षिक प्रगति विवरण प्राप्त भएको।



## सामाजिक विकास तर्फः

**स्वास्थ्यः**

- डेङ्गु नियन्त्रण कार्यक्रम, बिद्यालय शिक्षा कार्यक्रम, किटजन्य रोग नियन्त्रण सम्पन्न भएको ।
- आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाको लागि औषधि ब्यवस्थापन भएको ।
- स्वास्थ्य सँग सम्बन्धीत कार्यक्रमको अर्धवार्षिक सम्पन्न भएको ।
- एक विद्यालय एक नर्स कार्यक्रम संचालन भएको ।
- महिलाहरुको पाठेघर,स्तन क्यान्सर, फिस्टुला तथा आङखस्ने समस्याको पहिचान गरि उपचार गर्न निःशुल्क स्वास्ज्य शिविर सञ्चालन भएको ।
- Type १ Diabets बिरामीहरुका लागि insulin व्यवस्थापन गरिएको ।
- विपन्न नागरिक औषधि उपचारका (निर्वाह भत्ता) मासिक रु.५००० का दरले वितरण भएको ।
- मुटु रोग, मृगौला रोग, क्यान्सर रोग, पार्किन्सन्स, अल्जाईमर, हेड इन्जुरी र सिकल्सेल एनिमिया जस्ता कडा रोगको उपचारको लागि ५३ जनालाई रु.१०००००।- को दरले सिफारिस गरिएको ।

**आयुर्वेद तर्फः**

- राष्ट्रिय योगदिवस कार्यक्रम सम्पन्न भएको ।
- बहिरंग (OPD) सेवामार्फत २१५० जना बिरामीहरुको स्वास्थ्य परिक्षण तथा निःशुल्क औषधीवितरण गरियो ।
- १०२ जना स्तनपनयीआमालाई मातृशिशु सुरक्षार्थ दुग्धबद्र्धक जडिबुटीजन्य औषधीवितरण गरियो ।
- ४१४ जना जेष्ठ नागरिकहरुलाई स्वास्थ्य प्रबद्र्धन औषधीवितरण गरियो ।
- पूर्वकर्म/पंचकर्म सेवाअन्तर्गत ८६०जना बिरामीहरुलाई एकाङ्गतथा सर्वाङ्ग सेवाप्रदानगरियो ।
- यस आयुर्वेद औषधालयले बालक,बालिका,महिलातथापुरुषगरि जम्मा ३५२६ जना विरामीहरुलाई सेवाप्रदान गरियो ।

**शिक्षाः**

- सार्वजनिक विद्यालयका विद्यार्थीहरुका लागि निशुल्क पाठ्यपुस्तक अनुदान उपलब्ध गराइएको ।
- तोकिएका विद्यार्थीको दिवा खाजाका लागि विद्यालयलाई अनुदान उपलब्ध गराइएको ।

- शैक्षिक पहुँच सुनिश्चितता, अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम (परम्परागत विद्यालय, वैकल्पिक विद्यालय, साक्षरता र निरन्तर शिक्षाका कार्यक्रम समेत) संचालन गरिएको ।
- प्राविधिक शिक्षा अध्ययन छात्रबृत्ती सहयोग कार्यक्रमसञ्चालन गरिएको ।
- सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुकालागि छात्रबृत्ति उपलब्ध गराइएको ।
- आधारभूत तहका शिक्षकहरुलाई सूचना प्रविधि प्रयोग तालिम दिइएको
- बाल विकास शिक्षकहरुलाई ९ दिने मन्टेश्वरी तालिम दिइएको
- अनिवार्य तथा निशूल्क शिक्षा घोषणा कार्यक्रम अन्तर्गत विद्यालय स्तरमा अभीवावक : स्तरमा सरोकारवाला भेला र घरधुरी सर्वेक्षण गरिएको र विद्यालय उमेर वडामा ,भेला का वाल वालिका विद्यलय वाहिर नरहेको अवस्था पहि (१३-४) समुहचान गरिएको
- विद्यलाय व्यवस्थापन समिति र शिक्षक अभीवावक संघका अध्यक्षहरुसँग क्षमता विकास कार्यक्रम संचालन गरिएको ।
- समुदायिक सिकाइ केन्द्रको विस्तार गरी २ वटा बनाइएको ।
- कक्षा ८ को नगर स्तरिय परिक्षा सञ्चालन गरी विद्यालय शिक्षाको स्तर पहिचान गरिएको ।

## महिला,वालवालिका,ज्येष्ठ नागरिक तथा अपाङ्गता तर्फः

- राष्ट्रिय बाल दिवस कार्यक्रममा १५ विध्यालयका ३० जना विध्यार्थीहरुलाई सहभागी गराई चित्रकला प्रतियोगीता कार्यक्रम गरियो।
- १८१५ जना जेष्ठ नागरिकहरु र अपाङ्गताभएका व्यक्तिहरुलाई कपडा वितरण गरिएको।
- ४३ जना अपाङ्गता भएका व्यक्तिहरुलाई परिचय पत्र वितरण गरिएको ।
- १५१ जना जेष्ठ नागरिकहरुको जेष्ठ नागरिक परिचय पत्र उपलब्ध गराईएको ।
- वडा नं १ र ७ मा बालमैत्री स्थानीय तह प्रोत्साहन कार्यक्रम सञ्चालन गरिएको।
- नगरस्तरीय बाल अधिकार समिति गठन गरिएको छ।
- समुदायमा आधारित पुर्नस्थापना (सि.वि.आर.)कार्यक्रम अन्तर्गत क वर्गका अपाङ्गता भएका व्यक्तिहरुको परिवारलाई आयआर्जनमा जोड्नको लागि बाख्रा वितरण र आवश्यक सहायक समाग्री वितरण गरिएको छ।
- २२ जना आमाबाबु विहिन बालबालिकाहरुका सामाजिक सुरक्षा स्वरुप प्रति व्यक्ति रु ४,३६३.६३ (अक्षरुपी चार हजार तीन सय तिरसठ्ठी रुपैया तिरसठ्ठी पैसा)मात्र वितरण गरिएको छ।

## पूर्वाधार विकासः

### वडा स्तरिय योजना

- २०२ वडा स्तरिय आयोजना मध्य १८९ सम्झौता भए मध्य ९८ आयोजना सम्पन्न भएको ।

### नगर स्तरिय योजना

- २६५ नगर स्तरिय आयोजना मध्ये २३९ सम्झौता भए मध्य १३१ आयोजना सम्पन्न भएको ।

### नगर स्तरिय अन्य योजना

- ३९ नगर स्तरिय अन्य आयोजना मध्ये सम्झौता भएको २७ र सम्पन्न भएको आयोजना संख्या १४ रहेको छ ।

### मागमा आधारित आयोजना

- ६५ आयोजना मध्ये सम्झौता भएको ६२ र सम्पन्न भएको योजना संख्या ४२ रहेको छ।

### नगर स्तरिय कार्यक्रम

- वटा कार्यक्रमहरु 42 वटा नगर स्तरीय कार्यक्रमहरु सम्झौता भई सो मध्ये 57 सम्पन्नभएको।

## आर्थिक विकास

### पशु विकासः

- ५०३४ वटा पशुपंन्छिको उपचार तथा निशुल्क औषधी वितरण गरेको ।
- २२३ वटा पशुको गोवर परिक्षण गरेको ।
- २०००/- गाई भैसीलाई एफ.एम.डि भ्याक्सिन लगाएको ।

- २०३ वटा कुकुरलाई रेविज रोग विरुद्धको भ्याक्सिन लगाईएको ।
- ७३ जना कृषकलाई २०००/- के.जि जै घासँको बिउ वितरण गरेको ।
- १०५ वटा सामुदायिक कुकुरहरुको बन्ध्याकरण कार्यक्रम सम्पन्न गरेको ।
- ५० प्रतिशत कृषक र ५० प्रतिशत नगरपालिकाको लागत सहभागितामा ४९ वटा भैसि कृषक/कृषि समुह/ सहकारीलाई वितरण भएको ।
- ७७६ गाई भैसीमा कृत्रिम गर्भाधान गरेको ।
- ५० प्रतिशत कृषक र ५० प्रतिशत नगरपालिकाको लागत सहभागितामा २५ वटा गाई वितरण भएको ।
- ५० प्रतिशत कृषक र ५० प्रतिशत नगरपालिकाको लागत सहभागितामा ६७ वटा बाख्रा वितरण वितरण भएको।
- २५ प्रतिशत कृषक र ७५ प्रतिशत नगरपालिकाको लागत सहभागितामा ७१८० वटा लोकल कुखराको चल्ला वितरण भएको।

**कृषि विकासः**

- ३४ वटा कृषक समूह दर्ता ।
- २९ वटा संस्थालाई रासायनिक मल सिफारिस ।
- ३२२ जना कृषिक लाई प्रतक्ष सेवा प्रदान गरिएको ।
- ३८१ वटा माटो जाँच परिक्षण गरिएको ।
- ५५००० के.जी कृषि चुन वितरण गरिएको।
- ११ वटा कृषि समूह/ कृषि फर्मले तरकारी विकास पकेट कार्यक्रमका लागि अनुदान दिएको।
- ३ वटा कृषि फर्मले च्याउ पकेट विकास कार्यक्रमको लागि अनुदान दिएको।
- १ वटा तरकारी संकलन केन्द्र निर्माण भएको।
- २१ जना कृषकहरुलाई पुष्प खेति कार्यक्रम अन्तर्गत टनेल प्लाष्टिक अनुदान दिएको।
- २३ जना कृषकहरलाई तरकारी विकास कार्यक्रम अन्तर्ग टनेल प्लाष्टिक अनुदान प्राप्त गरेको।
- सहकारीको लागि रासायनीक मलक कोटा निर्धारण गरिएको ।
- वडा नं ८ मा नास्पाती प्रबर्द्धन कार्यक्रम सञ्चालन भएको ।
- वडा नं ९ मा लप्सी प्रबर्द्धन कार्यक्रम सञ्चालन भएको ।

## सहकारीः

- ८६ सहकारी संस्था मध्य ७० वटा COPOMIS प्रणालीमा आवद्ध रहेको ।

## घ वर्ग निर्माण इजाजतः

- ३ वटा नयाँ घ वर्गको निर्माण व्यवसायी इजाजत पत्र जारी गरिएको ।
- ७ वटा निर्माण व्यवसायीले "घ"वर्गको इजाजत पत्र नविकरण गरेका छन् ।

## वन वातावरण तथा विपद् व्यवस्थापन

- १ वटा नयाँ रिचार्ज पोखरीको निर्माण भएको।
- विपद् व्यवस्थापन कोष स्थापना गरिएको ।
- नगरपालिकाबाट स्रोत सुनिश्चित गरि पहिरो नियन्त्रण कार्य गरिरहेको ।
- अग्नि नियन्त्रणको लागि नगरपालिकाको तर्फबाट ४ जना स्वयंसेवक दैनिक परिचालन गरिएको।
- निःशुल्क ऐम्बुलेन्स सेवा सञ्चालन (सडक दुर्घटना, डायालासिस, सुत्केरी तथा गर्भवती)

## नगर प्रहरी बल

- ७ जना नगर प्रहरी नियुक्ति गरि राजश्व निरिक्षण, बजार अनुगमन, विपत् व्यवस्थापन, होर्डिङ् बोर्ड व्यवस्थापन, कार्यालयको सुरक्षा लगाएत अन्य आकश्मीक कार्यमा परिचालन गरिएको ।

## सार्वजनिक सेवा प्रवाह र शुसासनः

- कर्मचारी र जनप्रतिनिधि समेत गरी २७२ जनाको सम्पत्ति विवरण बुझाइएको ।
- ३ वटा सार्वजनिक सुनुवाई तथा बार्षिक प्रगति समीक्षा सम्पन्न गरिएको ।
- १५० आयोजना तथा १५ वटा कार्यक्रमहरुको नगरस्तरीय अनुगमन समितिबाट अनुगमन गरिएको ।
- ३ वटा कार्यविधि स्वीकृत गरि कार्यान्वयनमा गरिएको।
- स्वमूल्याङ्कनमा नगरपालिकाले ६५ अंक प्राप्त गर्न सफल भएको।
- १६ वटा कार्यपालिकाका बैठक र दुईवटा नगर सभा सम्पन्न भएका छन ।

## न्यायिक समितिः

- न्यायिक समितिमा जिम्मेवारी सरी आएका १० र नयाँ दर्ता १५ गरी जम्मा २५ उजुरी दर्ता गरि १८ उजुरीको कार्य फछ्र्यौट गरेको ।

- न्यायिक समिति समक्ष जिम्मेवारीबाट सरी आएको २ वटा र चालु आ.ब.को ५ वटा गरी जम्मा ७ उजुरीहरु कारवाही प्रकृयामा रहेका छन् भने चालु आ.ब.को असार २५ गते सम्म उक्त उजुरीहरुको कारवाहीमा २४ वटा बैठकहरु र २ पटक स्थलगत निरीक्षणहरु भएका छन्।

## गैर सरकारी संस्था तर्फः

- दर्ता सिफारिस १, नविकरण सिफारिस ३०
- १७ वटा स्थानिय संस्था नविकरण गरिएको छ ।
- ७ पूर्व स्वीकृती सिफारिस गरिएको छ ।

## भवन तथा वस्ती विकास तर्फः

- भवनको नक्सा पास प्रणालीलाई अनलाइन बनाउने प्रकृया अगाडि बढाईएको।
- चालु आ.व.को प्रथम ८ महिनामा घर नक्सा स्वीकृती तर्फ देहायको प्रगति रहेको छः
- नयाँ दर्ताः ६७
- अस्थायी इजाजतः ६२
- स्थायी इजाजतः ६०
- संसोधनः ६०
- म्याद थपः ६३
- निर्माण सम्पन्नः २०
- अभिलेखिकरणः १८
- नामसारीः ५

## श्रम तथा रोजगा तर्फः

- प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत वडानं १, ४, ५, ८, ९ मा गरि ४० जनालाई १०० दिनको रोजगारीमा संलग्न गराईएकोमा औषतमा एक जनाले ९० दिनको रोजगारी गरेको ।

## खानेपानी आयोजना तर्फः

- ५ वटा खानेपानी ट्याङ्कि निर्माण तथा पाईपलाइन विस्तार एवं मर्मत ।

**राजश्व परिचालन तर्फः**

- ५ करोड ७४ लाख ९३ हजार ६ सय १६ रूपैया आन्तरिक राजस्व संकलन भएको ।
- प्राकृतिक स्रोतको १ करोड ७७ लाख (मु.अ. कर बाहेक) मा आय ठेक्काको सूचना प्रकाशन गरेको ।
- कवाडी कर संकलनको लागी रू १० लाखमा (मु.अ. कर बाहेक) मा आय ठेक्काको सूचना प्रकाशन गरेको ।
- विज्ञापन कर संकलनको लागी रू २ लाखमा (मु.अ. कर बाहेक) मा आय ठेक्काको सूचना प्रकाशन गरेको ।

**खर्च प्रगतिः**

- दक्षिणकाली नगरपालिकाले आ.व.२०८०/०८१ तर्फ विनियोजित संसोधित वजेट १ अर्ब ७ करोड ३५ लाख २० हजार २६३ रुपैंया मध्ये ६२ करोड १ लाख ४४ हजार ३१८ खर्च भै कुल विनियोजनको ५८ खर्च भएको छ ।
- चालु खर्च तर्फ विनियोजन भएको ५६ करोड ३३ लाख ३९ हजार ९७० रुपैयाँ मध्ये ३९ करोड ६ लाख ७३ हजार ७१२ खर्च भै कुल विनियोजनको ६९ खर्च भएको छ भने पूजिगत खर्च तर्फ विनियोजन भएको कुल ५१ करोड १ लाख ८० हजार २९३ मध्ये २२ करोड ९४ लाख ७० हजार ६०६ हजार खर्च भै कुल विनियोजनको ४५ प्रतिशत खर्च भएको छ। समग्रमा हाल सम्म ३७.९२ प्रतिशत रकम खर्च भएको छ ।

**प्रतिवेदन प्रस्तुतकर्ता**
दिलिप के.सी.
सूचना प्रबिधि अधिकृत

# धन्यवाद ।